## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
## मुख्य शाखा कार्यालय, नेपालगञ्ज
## धान कुटानी सम्बन्धी गोप्य शिलबन्दी दरभाउपत्र आवह्वानको सूचना

प्रकाशित मिति २०७७/०९/१२

यस कार्यालयले खरिद गरेको र गर्दै जाने करिब ४०००० क्वी मोटा/मध्यम धान कुटानी गर्नुपर्ने भएकोले स्थायी लेखा नं वा मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक मिल (फर्म/कम्पनी)बाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

तपशिल

१.कम्पनीको खरिद विभाग प्रधान कार्यालय काठमाण्डौ वा यस कार्यालयबाट फिर्ता नहुने गरी रु. १०००।- रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ। धरौटी बापत रु.१,८०,०००/- नगद वा "क" वर्गको बैंक (बाणिज्य बैंक) बाट जारी भएको जमानत (Bid Bond) राख्नु पर्नेछ।

२. दरभाउपत्र दाताले दरभाउपत्रमा तोकिएबमोजिमको धरौटि रकम यस कम्पनीको नेपालगंज स्थित नेपाल बैंक लिमिटेड मा च.हि.नं.००४००१००१९९३८०००००१ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा "क" वर्गको वाणिज्य बैंकबाट यस कम्पनीको नाममा जारि भएका नियमानुसारको बैंक जमानिपत्र पेश गर्नुपर्नेछ।

३ कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनु पर्ने चामल तथा बोराको गुणस्तर, चामल बुझाउनु पर्ने स्थान, धरौटी रकम आदि विवरण दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

४. कम्पनीको आवश्यकता हेरी कुटानी गरिने धानको परिमाण थपघट हुन सक्नेछ। थपघट भएमा सोही अनुसार कुटानी गर्नु पर्नेछ ।

५. धान कुटानी गरिसकेपछि तोकिएको परिमाण चामल कम्पनीले तोकेको गोदाममा बुझाउनु पर्नेछ।

६. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरी कुटानी कार्यमा हुने खर्च र आफुलाई प्राप्त हुने उप-पदार्थको आम्दानी रकम हिसाब गरी कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धी (रिकभरी) चामल कबोल गर्नुपर्नेछ । दरभाउपत्र कागजातमा उल्लेख भएको अधिकतम कुटानी ज्यालामा नबढ्ने गरी र न्यूनतम प्रतिलब्धी प्रतिशतमा नघट्ने गरी चामल दिन कबुल गर्नु पर्नेछ।

७. यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०७७।०९।२६ गते सम्म दरभाउपत्र खरिद गरी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधीले रितपूर्वक सही छाप तथा शिलबन्दी गरी १६ औं दिन अर्थात मिति २०७७।०९।२७ गते दिउंसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ। समय नाघी आएको दरभाउपत्र स्वीकार गरिनेछैन । पेश हुन आएका दरभाउपत्र सोही दिन दिउंसो २:०० बजे यस कार्यालयमा खोलिनेछ।

८. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र नियमानुसार कार्य सम्पादन जमानत तथा आवश्यकता अनुसार थप कार्य सम्पादन (धितो) जमानत समेत पेश गरी सम्झौता गर्नुपर्नेछ । निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ।

९. दरभाउपत्रको मान्य हुने अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ । दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनी तथा प्राथमिक खरिद समितिमा सुरक्षित रहनेछ । यस सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
मुख्य शाखा कार्यालय
नेपालगञ्ज
फोन नं.: ०८१-५५०१०५

https://mail.google.com/mail/u/0/...